# गोकुलगंगा गाउँपालिकाको

# खेलकुद विकास सम्बन्धी कार्यविधि, २०७६

गोकुलगंगा गाउँपालिका

रस्नालु, रामेछाप

बागमती प्रदेश नेपाल

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०७/०२

# गोकुलगंगा गाउँपालिकाको
# खेलकुद विकास सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

गोकुलगंगा गाउँपालिका मा खेलकुद क्षेत्रको समग्र विकास गर्न, अन्य स्थानीय तह र राष्ट्रिय स्तरमा खेलकुदको माध्यमबाट गोकुलगंगा गाउँपालिका को पहिचान गराउन, गाउँपालिका भित्र रहेका खेल प्रतिभा एवं सृजनशीलताको कदर गर्दै खेलाडी र खेल क्षेत्र संग सम्बन्धीत व्यक्ति, संघ संस्थाहरुलाई संरक्षण, सम्वर्द्धन, सम्मान र प्रोत्सहान सहित सकरात्मक सोच र उच्च मनोवलका साथ मर्यादित र अनुशासन सहितको क्षमता एवं प्रतिभाको विकास गर्न, खेलकुद र सो संग सम्बन्धीत क्षेत्रलाई प्रभावकारी एवं व्यवस्थीत रुपबाट सञ्चालन गर्न तथा खेलकुदकै माध्यमबाट आपसी विश्वास, सहकार्य र एकताद्धारा सामाजिक सद्भाव समेत कायम गर्न गराउन वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२१ र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि पछि प्रदेश सरकारले जारी गर्ने कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वतः वदर हुने गरी यस गोकुलगंगा गाउँपालिका को गाउँकार्यपालिकाले यो खेलकुद सम्बन्धी कार्यविधि २०७६ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यबिधिको नाम “गोकुलगंगा गाउँपालिका को खेलकुद सम्बन्धी कार्यविधि २०७६”रहेको छ । २. यो निर्देशिका कार्यपालिकावाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागूहुनेछ । ३. परिभाषा: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(**क**) **“खेलकुद”** भन्नाले गोकुलगंगा गाउँपालिका को आयोजनामा वा स्वीकृतिमा खेलिने वा खेलाइने विभिन्न विद्याका खेलकुद प्रतिस्पर्धा समेतलाई सम्झनु पर्दछ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने खेलकुद सम्झनु पर्छ ।

**ख**) **“खेलाडी”** भन्नाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडीका साथै गोकुलगंगा गाउँपालिका भित्रका र अन्य स्थानीय तहका विभिन्न विधाका खेलाडीहरुलाई सम्झनु पर्छ ।

**(ग) “प्रतियोगिता”** भन्नाले गोकुलगंगा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

**(घ) “फुटवल प्रतियोगिता”** भन्नाले गोकुलगंगा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको फुटबल खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य

स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने फुटबल खेल प्रतियोगिता सम्झनु पर्छ ।

(ङ) **"भलिबल प्रतियोगिता"** भन्नाले गोकुलगंगा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको भलिबल खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने भलिबल खेल प्रतियोगिता सम्झनु पर्छ ।

(च) **"क्रिकेट प्रतियोगिता"** भन्नाले गोकुलगंगा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको क्रिकेट खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने क्रिकेट खेल प्रतियोगिता सम्झनु पर्छ ।

(छ) **"तेक्वान्दो प्रतियोगिता"** भन्नाले गोकुलगंगा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको तेक्वान्दो खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने तेक्वान्दो खेल प्रतियोगिता सम्झनु पर्छ ।

(ज) **"अपाङ्गतामैत्री खेलकुद प्रतियोगिता"** भन्नाले गोकुलगंगा गाउँपालिका ले औपचारिक रुपमा आयोजना गर्ने अपाङ्गता वा फरक विशेसता भएका वाल तथा युवा युवतीहरुलाई भाग लिन लगाई खेलाइने अपाङ्गतामैत्री खेलकुद प्रतियोगीतालाई सम्झनु पर्दछ ।

(**झ**) **"गाउँपालिका"** भन्नाले गोकुलगंगा गाउँपालिका सम्झनु पर्छ । (ञ) "अध्यक्ष" भन्नाले गोकुलगंगा गाउँपालिका को अध्यक्ष सम्झनु पर्छ ।

(ट) **"उपाध्यक्ष"** भन्नाले गोकुलगंगा गाउँपालिका को उपाध्यक्ष सम्झनु पर्छ ।

(ठ) **"वडा अध्यक्ष"** भन्नाले गोकुलगंगा गाउँपालिका को प्रत्येक वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ड) **"समिती"** भन्नाले गोकुलगंगा गाउँपालिका को खेलकुद समिती सम्झनु पर्छ ।

(ढ) **"समिती अध्यक्ष"** भन्नाले गोकुलगंगा गाउँपालिका को खेलकुद सम्बन्धी कार्य सञ्चालन गर्न गठित समितीको अध्यक्ष सम्झनु पर्छ ।

(ण) **"वोर्ड"** भन्नाले गाउँपालिका अन्तर्गत समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जिम्मेवारी प्राप्त खेलकुद प्रवर्द्धन वोर्डलाई सम्झनु पर्दछ ।

(त) **"संरक्षक"**भन्नाले कार्यविधिको दफा ५ बमोजिम खेलकुदको विकास संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने जिम्मेवारी सहितको खेलकुद प्रवर्द्धन वोर्डको संरक्षक सम्झनु पर्छ ।

(थ) **"संस्था"** भन्नाले खेलकुद सम्बन्धी संस्था सम्झनु पर्दछ ।

(**द) "राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता"** भन्नाले विद्यालय स्तरबाट खेल प्रतिभाको खोजी गर्न सञ्चालन गरिने केन्द्र स्तरको खेलकुद प्रतियोगीतालाई सम्झनु पर्दछ ।

**(ध) "प्रशिक्षक"** भन्नाले सम्बन्धीत खेलको खेलाडीहरुलाई प्रशिक्षण गर्ने मुख्य व्यक्ति सम्झनु पर्छ ।

**(न) "सहायक प्रशिक्षक"** भन्नाले सम्बन्धीत खेलको खेलाडीहरुलाई प्रशिक्षण गर्ने सहायक व्यक्ति सम्झनु पर्छ ।

**(प) "रेफ्री (निर्णायक)"** भन्नाले सम्बन्धीत खेल सञ्चालन गर्ने मुख्य व्यक्ति सम्झनु पर्छ ।

**(फ) "सहायक रेफ्री"** भन्नाले सम्बन्धीत खेल सञ्चालन गर्ने सहायक व्यक्ति सम्झनु पर्छ ।

**(ब) "प्रोत्साहन"** भन्नाले गोकुलगंगा गाउँपालिकाले विजेता तथा उत्कृष्ट खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कार समेतलाई सम्झनु पर्दछ ।

**४. खेलकुदको विकास संरक्षण, सम्बर्धन र प्रवर्द्धन :** (१) समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जीम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिबिधिको अनुगमन र निर्देशन यसै कार्यविधि बमोजिम गठित खेलकुदको विकास संरक्षण, सम्बर्धन र प्रवर्द्धन वोर्डले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ ।

## परिच्छेद २
## खेलकुद प्रवर्द्धन वोर्डको गठन र काम, कर्तव्य र अधिकार :

**५. खेलकुद प्रवर्द्धन वोर्ड:** (१) खेलकुदको विकास संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने जिम्मेवारी सहितको वोर्डमा देहाय बमोजिमका सदस्य तथा पदाधिकारी रहने छन् ।

क) गाउँपालिकाको अध्यक्ष -संरक्षक

ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

ग) गोकुलगंगा खेलकुद महासंघको अध्यक्ष वा सो नभए कार्यपालिकाले तोकेको समग्र खेल क्षेत्रको विशिष्ट व्यक्ति १ जना - सदस्य

घ) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

(२) गाउँपालिकाको आवश्यकता अनुसार खेल सल्लाहकार तोक्न सक्नेछ ।

**६. खेलकुद प्रवर्द्धन वोर्डको काम, कर्तव्य र अधिकार :** (१) वोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाले चालु आ.व.मा खेल क्षेत्रको लागि विनियोजन गरेको बजेटको सीमा भित्र रही सम्बन्धीत खेलकुद विकास समितिलाई योजना बनाई कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने,

ख) खेलकुद विकास समितिलाई बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेलहरु आयोजना गर्न निर्देशन दिने ,

ग) खेलकुद विकास समितिले वोर्ड समक्ष पेश गरेको योजनाहरुलाई गोकुलगंगा खेलकुदको बिकासका लागि केन्द्र र प्रदेश सरकारका साथै जिल्ला समन्वय समितीमा पेश गर्ने र योजना कार्यन्वयनका लागि पहल गर्ने,

घ) खेलकुद विकास समितिले आफुलाई पेश गरेको प्रतिवेदन बैठकद्धारा पारित गरी रेकर्ड राखी गाउँकार्यपालिका समक्ष पेश गर्ने ।

ङ) वोर्ड समक्ष सिफरिस भई आएका प्रतियोगितामा महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, रेफ्री (निर्णायक) र खेलकुद सम्बन्धी संस्थाहरुलाई उपहार, सम्मान, पुरस्कार वोर्डको संरक्षकको बाहुलीबाट प्रदान गर्ने ,

च) गोकुलगंगा गाउँपालिका अन्तर्गत सबै विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जीम्मेवारी बहन गर्ने, छ) एक आर्थिक वर्ष भित्रमा ४ पटक सम्म बैठक सञ्चालन गर्ने,

ज) आवश्यक्ता अनुसारको अन्य काम गर्ने ।

## परिच्छेद ३
## गोकुलगंगा गाउँपालिकाको खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकारः

**७. गोकुलगंगा गाउँपालिकाको खेलकुद विकास समितिको गठनः** (१)गोकुलगंगा गाउँपालिकाका खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ :-

क) गाउँपालिका अध्यक्षले खेलकुद क्षेत्रमा योगदान दिन सक्ने व्यक्तिहरु मध्येबाट छनौट गरेको १ जना - अध्यक्ष

ख) गाउँपालिका अध्यक्षले खेलकुद क्षेत्रमा योगदान दिन सक्ने व्यक्तिहरु मध्येबाट छनौट गरेको १ जना - उपाध्यक्ष

ग) खेलकुदका विभिन्न विधाबाट एक एक जना पर्ने गरी खेलकुद बिकास समितिको अध्यक्ष र उपाध्यक्षको सिफारिसमा गाउँपालिका अध्यक्षले मनोनित गरेका (महिला र अपाङ्गता सहित) बढीमा ६ जना - सदस्य

घ) गाउँपालिकाको खेलकुद शाखा हेर्न तोकिएको कर्मचारी १ जना -सदस्य सचिव

**८. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :** (१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाले चालु आ.व.मा खेल क्षेत्रको लागि विनियोजन गरेको बजेटको सीमा भित्र रही सम्बन्धीत खेलकुद सम्बन्धी योजना बनाई कार्यक्रम सञ्चालन गर्ने ,

ख) बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेलहरु आयोजना गर्ने,

ग) केन्द्र सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरुले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा गोकुलगंगा गाउँपालिका क्षेत्र भित्रका खेलाडी, टीम वा संस्था (क्लब) लाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी र व्यवसायिक क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने ,

ङ) गोकुलगंगा गाउँपालिका तथा खेलकुद प्रवर्द्धन वोर्डको संयोजनमा बिभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धि योजना बनाई लागू गर्ने ,

च) गोकुलगंगा खेलकुदको बिकासका लागि केन्द्र र प्रदेश सरकारका साथै जिल्ला समन्वय समितीसंग सम्पर्क गर्न वोर्ड तथा गाउँपालिकाको परामर्समा योजना बनाई वोर्डमा पेश गर्ने ,

छ) गाउँपालिकाको आयोजनामा हुने खेल प्रतियोगिताको सुचना र प्रचार प्रसार गर्ने ,

ज) खेलकुद सम्बन्धी सम्पुर्ण कार्यक्रम र योजना तथा लागतको हिसाब किताब चुस्त दुरुस्त राख्ने,

झ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि कोष स्थापना गरी सञ्चालन गर्न सक्ने,

ञ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि गाउँपालिका तथा खेलकुद प्रवर्द्धन वोर्डको स्विकृतीमा खेलकुद कार्यकम सञ्चालन गर्ने ,

ट) अपाङ्गता वा फरक विशेसता भएका युवा युवतीहरुलाई सहभागी गराई उनिहरुका विचमा अपाङ्गतामैत्री खेलकुद प्रतियोगिता आयोजना गर्ने ,

ठ) फुटवल, भलिवल र क्रिकेट लगायतका महिला र पुरुषको छुट्टा छुट्टै लिग खेलहरु आयोजना र सञ्चालन गर्ने ,

ड) आधारभुत र माध्यमिक तहका विद्यालयका विद्यार्थी खेलाडीहरुलाई सहभागी गराई अन्तर मा.वि., अन्तर आ.वि.का छुट्टा छुट्टै खेलहरु आयोजना र सञ्चालन गर्ने ,

ढ) योजना अन्तर्गतका खेलकुद कार्यक्रम सम्पन्न सोहि अनुसारको प्रतिवेदन र सम्पन्न हुन बाँकी रहेका खेलकुद तथा योजनाहरुको सम्बन्धमा सोहि अनुसारको प्रतिवेदन तयार पारी चालु आ.व. को अन्त्यमा वोर्ड समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ण) गाउँपालिकाको खेलकुद सम्बन्धी महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, रेफ्री (निणायक) र खेलकुद सम्बन्धी संस्थाहरुलाई उपहार, सम्मान, पुरस्कार दिन वोड) समक्ष सिफारिस गर्ने र उपहार, सम्मान, पुरस्कारको व्यवस्था गर्ने,

त) खेलकुद प्रवर्द्धन वोर्डको निर्देशन बमोजिम काम गर्ने ,

थ) खेलकुद विकास समितिमा दर्ता, नविकरण हुन आएका संस्था (क्लब) र तिमकोदर्ता नविकरण गरि प्रमाण पत्र दिने र सो को रेकर्ड दुरुस्त राख्ने,

द) गाउँपालिकाले निर्देशन गरेको वा तोकेको सो सम्बन्धी अन्य कार्य गर्ने ।

९. खेलकुद विकास समितिले खेलकुद सम्बन्धी महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, रेफ्री ( निणायक) र खेलकुद सम्बन्धी संस्थाहरुलाई उपहार, सम्मान, पुरस्कार दिन उनिहरुको प्रतिभा छनौटको आधारहरु निम्न अनुसार तय गर्नेः

क) विशेष प्रतिभावान खेलाडी, प्रशिक्षक, रेफ्री (निणायक) र खेलकुद सम्बन्धी संस्था (क्लब)

ख) खेलप्रतिको जिम्मेवारी,

ग) अनुशासन

घ) खेलाडी, प्रशिक्षक, रेफ्री (निणायक) र खेलकुद सम्बन्धी संस्था (क्लब) को योगदान

ङ) व्यक्तिगत रुपमा वेरुजु फछ्र्यौट गर्न बाँकी नरहेको

**१०.खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकीने** : खेलकुद विकास समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा खेलकुद विकास समितिको वहुमतको निर्णयबाट सिफारिस भई आएमा गाउँकार्यपालिकाले त्यस्तो सदस्यलाई कुनै पनि बखत हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

**११ खेलकुद विकास समितिको सदस्यहरुको कार्यकाल :** खेलकुद विकास समितिको सदस्यहरुको कार्यकाल २ वर्षको हुनेछ । गाउँकार्यपालिकाले उचित र आवश्यक्ता महसुस गरेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ । सो पश्चात कार्यपालिकाले पुनः अर्को समिति गठन गर्न सक्नेछ ।

**१२ सार्वजनिक गर्नु पर्ने :** खेलकुद विकास समितिले वोर्ड समक्ष पेश भएको प्रतिवेदनलाई वोर्डको बैठकमा सार्वजनिक गर्नु पर्नेछ ।

१३. वजेट व्यवस्थाः यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मानका लागि आवश्यक रकमको व्यवस्था गाउँपालिकाको स्वीकृत र विनियोजित वार्षिक वजेट बाट गरिनेछ ।

परिच्छेद ३

## आचार संहिता सम्बन्धी व्यवस्था

**१४. आचार संहिता** :(१) समग्र, खेलकुद क्षेत्रका खेलाडी, प्रशिक्षक, व्यवस्थापक, रेफ्री (निर्णायक) सम्बन्धीत खेलको समिति संयोजक तथा सदस्य, कर्मचारी, गाउँकार्यपालिका र गाउँपालिका सदस्यहरु तथा दर्शक समेतले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :–

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख) खेलकुद सम्बन्धी संस्था (क्लब) ले टिम निर्माण गर्दा विदेशी खेलाडी प्रयोग गर्नु परेमा वा भित्र्याउन प्रचलित नेपाल कानून अनुसारको निती अवलम्वन गर्नु पर्नेछ । सो गरेकालाई मात्र मान्यता प्रदान गरिनेछ । तर विदेशी टिमलाई आमन्त्रण गर्न यसले वाधा पर्ने छैन ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा गाउँपालिकाको खेलकुद विकास समितिमा दर्ता भएका टिम र ( क्लब) संस्थालाई मात्र मान्यता दिइनेछ । तर कोचिङ्ग कार्य संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

ङ) खेलको विजय पश्चात प्राप्त गरेका सील्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्विकृतीमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन

ज) खेलाडीहरुले आपसमा खेलकुद प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई समर्थक वा दर्शकहरुले क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ । तर विपक्षी टीमका खेलाडी वा टिमको व्यक्तिगत आचरण वा गोपनियतालाई आधार बनाई वा आक्षेप लाग्ने गरी वा इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलाडी, टिम वा संस्थाले खेल प्रतिस्पर्धाका लागि कोहि कसैसंग जवर्जस्ती चन्दा उठाउन पाइने छैन । तर गाउँपालिकाको खेलकुद विकास समितिको स्विकृति र इजाजत लिई आफ्नो टिम वा क्लवको नाममा कोहि कसैले स्वइच्छाले दिएको चन्दा ग्रहण गर्न यस कुराले वाधा पर्ने छैन ।

ञ) त्यसरी गाउँपालिकाको खेलकुद विकास समितिको स्विकृति र इजाजत लिई आफ्नो टिम वा क्लवको नाममा कोहि कसैले स्वइच्छाले दिएको चन्दा टिमको वा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धीत (क्लव) संस्थाबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अघिनै प्रचलित कानून अनुसार सम्बन्धीत निकायमा दर्ता भएका र गाउँपालिकामा सूचीकृत भएका संस्था (ब्लब) हरुले खेलकुद विकास समितिको स्वीकृति लिएर लिग खेलहरु स्वतन्त्र ढंगले सञ्चालन गर्न पाउनेछन्।

**१५ सौजन्यता :** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न खेलकुद विकास समितिको पूर्व स्वीकृती लिनुपर्नेछ । त्यसरी सञ्चालन हुने खेलकुदमा व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गनु पर्ने छ । परिच्छेद ४ दर्ता, नविकरण र विघठन

**१६. दर्ता र स्वीकृतीः** (१) गाउँपालिका भित्र गठित वा गठन हुने कुनै पनि खेलकुद सम्बन्धी संघ संस्था वा क्लव गाउँपालिकाको खेलकुद विकास समितिमा दर्ता गर्नुपर्नेछ । खेलकुद संग सम्बन्धि दर्ता नभएका टिम वा संस्था (क्लव)लाई खेल संचालन गर्न खेलकुद समितीले स्वीकृती दिनेछैन ।

(२) टिम वा संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूची-१ को ढाँचामा निवेदन दिईनु पर्नेछ ,

(३) टिम/संस्था दर्ता र विधान स्वीकृतीको लागि निबेदन पर्न आएमा गाउँपालिकाको खेलकुद समितीले विधान स्वीकृत गरी टिम वा संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ, । सो प्रमाण पत्र प्रमूख प्रशासकिय अधिकृतले प्रमाणित गरी दिनुपर्नेछ ।

(४) पहिल्यै दर्ता भइ सकेको संस्था भए गाउँपालिकाको खेलकुद विकास समितीमा सूचीकृतको लागी अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(५) सूचीकृत भएका संस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ,

(६) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची ५ बमोजिम को ढाँचामा हुनुपर्ने ,

(७) गाउँपालिकाको खेलकुद समितीमा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(८) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सवै दर्तावाल वा सूचीकृत संस्थाहरुले खेलकुद समितिमा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

**१७ जरिवाना :** (१) दर्ता भएका खेलकुद सम्बन्धी टिम वा संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ :

(क) छ महिना सम्म पनि नविकरण नगरेमा रु.३००/–

(ख) एक वर्ष सम्म पनि नविकरण नगरेमा रु.१०००/–

(ग) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु.३०००/-

(घ) सो भन्दा माथी पाँच वर्ष सम्म पनि नविकरण नगरेमा रु १०,०००/-

(२) पाँच वर्ष सम्म पनि नविकरण नगर्ने टिम वा संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटी सकेको टिम वा संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

(३) समयमै नविकरण नगर्ने टिम वा संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले टिम वा संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**१८. टिम वा संस्थाको विघटन :** (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन :–

(क) टिम वा संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा ,

(ख) लगातार ५ वर्ष सम्म टिम वा संस्था नविकरण नगरेमा ,

(ग) टिम वा संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा ,

(घ) प्राकृतिक विपत्तिको कारणबाट टिम वा संस्था क्षत्विक्षत्भएमा । १९ विघठित टिम वा सस्थाको सम्पत्ति : विगठन भएको संस्थाको सम्पत्ति गाउँपालिकाको खेलकुद समिति मातहतमा रहनेछ ।

२० खेलकुद समितीले यस कार्यविधिको अधिनमा रहि आफ्नो कार्य संचालनमा आवश्यक कार्य सञ्चालन विधी तयार गरी लागु गर्न सक्नेछ । सो बखत भएका खेलकुद गतिविधीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(दफा १६ को उपदफा २ संग सम्बन्धित)

## अनुसूची १

मिति :

श्री खेलकुद विकास समिति अध्यक्ष ज्यू
गोकुलगंगा गाउँपालिका, खेलकुद विकास समिति, रस्नालु, रामेछाप ।

विषय : टिम/संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले टिम/ संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र टिम/ संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ ।

टिम/संस्थाको कार्यालय रहने स्थान :........................ गोकुलगंगा गाउँपालिका वडा नं..........., टोलको नाम....................

| | |
|---|---|
| सचीव | अध्यक्ष |
| नाम | नाम |
| मिति | मिति |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) टिम/संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) टिम/संस्थाको छापको नमूना

(दफा १६ को उपदफा ३ संग सम्बन्धित)

**अनुसूची २**

गोकुलगंगा गाउँपालिका खेलकुद विकास समिति,
रस्नालु, रामेछाप ।

संस्था दर्ता प्रमाण पत्र
टिम/संस्थाको नाम :..............................................
ठेगाना :.........................................................
दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको टिम/संस्थाको विधान स्वीकृत गरी खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिई गोकुलगंगा गाउँपालिका को खेलकुद सम्बन्धी कार्यविधि २०७६ को दफा १६ (३) बमोजिम ..........................................नामक टिम/संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

.......................................
प्रमुख प्रशासकीय अधिकृत

गोकुलगंगा गाउँपालिका, खेलकुद विकास समिति, रस्नालु, रामेछाप ।

संस्था नविकरणको विवरण

| क स . | सस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सहीर गा.पा.खे.स. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**(दफा १६ को उपदफा ४ संग सम्बन्धित)**

**अनुसूची ३**

श्री खेलकुद विकास समिति अध्यक्ष ज्यू गोकुलगंगा गाउँपालिका,
खेलकुद विकास समिति, रस्नालु, रामेछाप ।

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नियमानुसार टिम/संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

**<u>संलग्न कागजातहरु</u>**

क) दर्ता प्रमाण पत्र

ख)चालु वर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) समितिको निर्णय निवेदकहरु

सचीव                                                                                                   अध्यक्ष

**(दफा १६ को उपदफा ५ संग सम्बन्धित)**

**अनुसूची ४**

गोकुलगंगा गाउँपालिका,
खेलकुद विकास समिति, रस्नालु, रामेछाप ।

संस्था सूचीकृत प्रमाण पत्र संस्थाको नाम :..............................................

ठेगाना :........................................................
दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । गोकुलगंगा गाउँपालिका खेलकुद सम्बन्धी कार्यविधि २०७६ र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न सुचीकृत गरी दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

गोकुलगंगा गाउँपालिका,
खेलकुद विकास समिति, रस्नालु, रामेछाप ।

संस्था सुचिकृत र नविकरणको विवरण

| क स . | सस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सहीर गा.पा.खे.स. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**(दफा १६ को उपदफा ६ संग सम्बन्धित)**
**अनुसूची ५**

मिति :

श्री खेलकुद विकास समिति अध्यक्ष ज्यू
गोकुलगंगा गाउँपालिका,
खेलकुद विकास समिति, रस्नालु, रामेछाप ।

विषय : संस्था नविकरण गरी पाउँ ।

.........................................................................नामक टिम/सस्था यस गोकुलगंगा गाउँपालिका को खेलकुद विकास समितिमा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेको हुदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरीपाउँ भनि निवेदन गर्न आएको छु /छौ । अतः आर्थिक बर्ष................को संस्था नविकरण भएको .....................यसै साथ संलग्न छ ।

**<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>**

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाको वार्षीक गतीविधि,

ग) भावि योजना र बजेट

**खनिबेदक**